नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# निजामती किताबखाना

हरिहरभवन, पुल्चोक, ललितपुर

## निजामती कर्मचारीले आ.व. २०७५/७६ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (१), निजामती सेवा ऐन, २०४९ को दफा ५४ एवं निजामती सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) बमोजिम प्रत्येक निजामती कर्मचारीहरूले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको हुँदा अध्ययन बिदा, असाधारण बिदा र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीहरूले समेत आ.व.२०७५/७६ को सम्पत्ति विवरण निर्धारित ढांचामा भरी खामबन्दी गरी २०७६ साल भाद्र २८ गते बेलुका ५:०० बजेभित्र अनिवार्य रूपमा यस किताबखानामा बुझाउन हुन सबन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सम्पत्ति विवरण बुझाउने अन्तिम दिन २०७६ साल भाद्र २८ गते शनिवार परेको हुँदा सो दिनसमेत निजामती किताबखाना सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनको लागि खुला रहने छ। २०७६ साल भाद्र २८ गते पछि प्राप्त हुने सम्पत्ति विवरणहरू दर्ता गर्न नसकिने व्यहोरासमेत जानकारी गराइन्छ। यस सम्बन्धी विस्तृत विवरण यस विभागको वेवसाइट *www.pis.gov.np* मा हेर्न हुन अनुरोध छ।

२०७६ असार ११ गते गोरखापत्रमा प्रकाशित

Scanned by CamScanner